बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

| खण्ड : ०६ | संख्या : ०१ | भाग : ०२ | प्रकाशित मिति :२०७९/११/०८ |
|---|---|---|---|

## बैजनाथ गाउँपालिकाको लिलाम बिक्रि सम्बन्धी कार्यविधि ,२०७९

**गाउँसभाबाट स्वीकृत मिति :२०७९/१०/०५ गते**

**गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७९/१०/१५ गते**

**प्रस्तावना :**

बैजनाथ गाउँपालिकामा रहेको मेशिनरी औजार तथा भारी उपकरण र सवारी साधान (घोडा, साईकल बाहेक) चालु हालतको भए पनि पुरानो मोडल भएको, त्यसको स्पेयर पार्ट पुर्जाको अभाव तथा मर्मत सम्भार तथा संचालनमा बढी खर्च लाग्ने तथा वर्तमान अवस्थामा अनुपयोगी भनि मेकानिकल प्राविधिकबाट प्रतिवदन सहित पेश गरेको अवस्थामा मेशिन, औजार तथा भारी उपकरण र मालसामान अधिकार प्राप्त अधिकारीबाट आवश्यक जाँचवुझ एंव सर्वेक्षण गरी लिलाम समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार लिलाम गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) वमोजिम यो कार्यविधि वनाईएको छ ।

**सक्षिप्त नाम र प्रारम्भ :- क)** यस कार्याविधिको नाम **"बैजनाथ गाउँपालिकाको लिलाम बिक्रि सम्बन्धी कार्यविधि २०७९"**रहेकोछ।

**ख)** यो कार्यविधि गाउँसभा/ कार्यपालिकाबाट स्वीकृत भए पछि तुरुन्त लागु हुने छ ।

१. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ,

**क) "अध्यक्ष"** भन्नाले बैजनाथ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

**ख) "उपाध्यक्ष"** भन्नाले बैजनाथ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

**ग) "प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले बैजनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

**घ) "कार्यापालिका"** भन्नाले बैजनाथ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

**ङ) "लिलाम"** भन्नाले जिन्सी निरीक्षण गर्दा टुटफुट तथा वेकम्मा भई पुनः प्रयोग गर्न नसकिने वा प्राविधिकबाट निरीक्षण गर्दा कुनै जिन्सी मालसामान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाईने र मर्मत गर्दा उक्त सामानको वजार मूल्यको २५ प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी प्रतिवेदनमा उल्लेख भएको दफा ३ (क) वमोजिमका समानहरु सम्झनु पर्छ ।

**लिलाम प्रक्रिया :-(क) लिलाम विक्रि गर्न सक्ने :** देहाय बमोजिमका सामानहरु लिलाम विक्रि गर्न सकिनेछ ।

(१). कार्यालयमा वेकम्मा हुन पुगेका सम्पत्तिहरु,

(२). जुन सुकै कारणबाट जफत गरिएका सामानहरु ,

(३). कार्यपालिकाको निर्णय अनुसारका समानहरु |

**(ख)** वेकम्मा सामान यकिन गर्ने : प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिना भित्र जिन्सी निरीक्षण गराउनु पर्दछ | परीक्षण गर्नेले दिएको आफ्नो प्रतिवेदनमा वेकम्मा भई लिलाम गर्न मनासिव ठहरिएका सामानहरु स्पष्ट किटान गर्नुपर्दछ | सामान्यतया निम्न अवस्थामा सामान वेकम्म मान्न सकिन्छ ।

(१). सामान जुन कामको लागि राखिएको हो सो काममा प्रयोग गर्न नसकिने भएको,

(२). खुद खरीद गरिएको मितिबाट बाह्र वर्ष पुगेको,

(३). सामान बिग्रिएको र सो को मर्मत गर्दा नयाँ सामानको मुल्यको २५ प्रतिशत वा सो भन्दा बढी लाग्ने देखिएको ।

(४). अनुसुचि १ मा उल्लेखित ह्रासकट्टीको दर लगाई सामानको कितावी मुल्य निकाल्दा परल मुल्यको ५ प्रतिशत वा सो भन्दा कम मात्र रहन गएको । (शुरु मुल्य र शुरु साल नखुलेको अवस्थामा यो मापदण्ड प्रयोग गर्न सकिदैन ।

(५). अघिल्लो अर्थिक वर्षमा सामान मर्मतमा गरिएको खर्च र सो आ.व.मा. सो सामानको ह्रासकट्टी हुने रकम जोड्दा नयाँ सामानको मुल्यको ४० प्रतिशत वा सो भन्दा बढी हुन गएको , (यी अवस्थामा उक्त सामान पुनः मर्मत नगर्ने) ।

**द्रष्टव्यः** "परल मुल्य भन्नाले शुरुमा खरीद गर्दाको इन्भ्वाइस मुल्य, सामनलाई प्रयोग गर्ने स्थान सम्म ल्याउँदाको खर्च र सामानको कुनै भागमा नयाँ उपकरण जडान गरी वा ओभरहल गरी पुँजीगत मुल्य बडाउन गरिएको खर्च समेत जोडिएको मुल्य सम्झनु पर्दछ । यदि भन्सार छुट सुविधा प्राप्त गरिएको भउ इन्भ्वाइस मुल्यमा भन्सार शुल्क समेत जोडी परल मुल्य कायम गर्नु पर्दछ ।"

२. **वेकम्मा ठहरिएका सामान लिलाम गर्न स्वीकृति दिने प्रकृया :- (क).** रु. २,००,०००।— (दुईलाख ) सम्म परल मुल्य खुलेका र १,००,०००।— (एक लाख) सम्म परल मूल्य नखुलेका मेशिनरी औजार, भारी उपकरण र सवारी साधन (साइकल र घोडा ) बाहेकका सामानहरुको लिलाम समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले लिलाम गर्न सक्ने छ ।

**(ख)** मालसामानको परल मूल्य खुलेकोमा रु ३,००,०००|-(तीन लाख रुपैया) सम्मको र परल मूल्य नखुलेको भए हाल मूल्यांकन भएको मूल्यमा रु १,००,०००|-(एक लाख रुपैया) सम्म वा दुवै गरेर रु ४,००,०००|-(चार लाख रुपैया) सम्मका मालसामान लिलाम समितिको सिफारिसमा कार्यापालिको निर्णय अनुसार लिलाम गर्न सकिने छ ।

**(ग)** उप—दफा (ख) भन्दा भन्दा बढीको विशेष प्रकारको समानहरुको लिलामको लागि लिलाम समितिको सिफारिसमा गाउँ सभाको निर्णय अनुसार लिलाम गर्न सकिने छ । तर घर जग्गा जस्ता स्थिर सम्पति नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय वेगर लिलाम विक्री गर्न पाईने छैन ।

३. **लिलाम गर्ने तरिका :- (क)** माथि उल्लेख गरिएको प्रकृया अनुसार लिलाम गर्ने सामान स्वीकृति भईसके पछि कार्यालय प्रमुखले लिलाम गर्ने आदेश दिनु पर्छ । सामानको लिलाम निम्न तरिकाले गर्न सकिने छ ।

(१). डाँक बढावढ गराएर ।

(२). बोलपत्र/ दरभाउ पत्र/ कोटेशन माग गरेर ।

**(ख) लिलाम गर्ने सुचनाको म्याद :**

(१). तिन लाख रुपैया सम्म मुल्याङ्कन भएको सामानको लागि — १५ दिन

(२). तिन लाख रुपैया भन्दा वढी मुल्याङ्कन भएको सामानको लागि — २१ दिन

**(ग) सुचनाको ढाँचाः** सुचनाको ढाँचा अनुसुची —२ र ३ मा प्रस्तुत गरिएको छ । अनुसुची — २ र ३ बमोजिमको सुचना कार्यालयले आफ्नो सुचना पाटी र वेवसाईटमा राख्नु पर्ने छ ।

**४. लिलाम सम्बन्धी व्यवस्था :-**

**(क)डाँक बढावढ गराएर लिलाम बिक्रि गर्दाः**

(१). देहायका कुराहरु समेत खुलाई सुचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु सकिने छ ।

१. मालसामानको विवरण

२. मालसामानको न्यूनतम मूल्य

३. लिलाम बढाबढ हुने स्थान समय (शुरु र अन्त्य हुने समय वजे) र मिति

४. न्यूनतम मूल्यबाट बढाबढ शुरु हुने कुरा

५. लिलाम सकार गर्न डाँक वोल्न अघि नै न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अंक वढदै गएमा सोही अनुपातमा धरौटी थप गर्ने जानु पर्ने कुरा,

६. लिलाम सकार गरेको मालसामान उठाई लैजानु पर्ने अवधि

७. अन्य आवश्यक कुराहरु

(२). दफा ५ वमोजिम प्रकाशित सुचना वमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति फर्म संस्था वा कम्पनिले देहाय वमोजिमको बोलपत्र फाराम दस्तुर तिरी सम्बन्धीत कार्यालयबाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम किन्नु पर्ने छ ।

१. एकलाख रुपैया सम्मको न्यूनतम अंक भएको बोलपत्रको लागि रु.१००० ।—

२. एकलाख देखि १० लाख रुपैया सम्मको न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि २००० ।—

३. १० लाख भन्दा माथि जतिसुकै रकम न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि रु.३००० ।—

(३). दफा ५ वमोजिमको लिलाम बढाबढ गर्न वा बोलपत्र माग गरी लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्दा परल मूल्य नखुलेकोमा हाल मूल्याकंन गर्दा रु १,००,०००|-(एकलाख रुपैया) सम्म मूल्य कायम हुने मालसामान र परल मूल्य खुलेकोमा हाल मूल्यांकन गर्दा रु ३,००,०००|- (तीनलाख रुपैया) सम्म मूल्य कायम हुने मालसामानको लिलाम विक्री गर्न बोलपत्र माग गर्ने कार्यालय ,जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला मालपोत कार्यालयमा बोलपत्र आव्हानको सूचना टास गरी र सो भन्दा बढी मूल्य कायम हुने मालसामान रास्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी लिलाम विक्री गर्न सकिन्छ । यसरी लिलाम विक्री गर्दा पहिलो पटक लिलाम विक्री हुन नसकेमा सात दिनको म्याद दिई पुनः लिलाम विक्रीको कारवाही गर्नु पर्ने छ । पुनः लिलाम विक्रीको कारवाही गर्दा पनि लिलाम हुन नसेकेमा पुन मूल्याकंन गरी लिलामा गर्न सकिने छ ।

(४). लिलाम सकार गरेको जिन्सी मालसामान सम्बन्धित कार्यालयले तोकेको अवधि भित्र कवोल गरेको पुरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम बरावर मात्र घटि भएका क्रमशः दोश्रो, तेश्रो वा चौथो घटीवालाको कबोल अंक स्वीकृत गर्न सकिने छ । यसरी गर्दा पनि लिलाम हुन नसकेमा पुन लिलाम गर्नु पर्ने छ ।

(५). उप दफा (क)(३). वमोजिमको प्रक्रियाबाट विक्री हुन नसकेमा दफा ७ वमोजिमको समितिबाट पुन मूल्यांकन गराई लिलाम बढावढ गराउनु पर्नेछ । यसरी पुनः मूल्याकंन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसेकमा लिलाम समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार सीधै त्रिक्री गर्न सक्नेछ । यसरी सीधै बिक्री हुन नसकेमा गाउँ सभाको निर्णयबाट लगत कट्टा गर्नु पर्नेछ ।

(६). सवारी साधन ,मेशनरी औजार र प्राविधिक मालसामान बाहेक फर्निचर जस्ता मालसामानको मूल्याकंन गर्दा आयकर प्रयोजनको लागि निर्धारित ह्रास कट्टि दरको आधारमा मूल्य कायम गर्न सकिनेछ । आयु निश्चित भएका जनुसुकै मालसामानको आयु समाप्त भए पछि मूल्याकंन समितिबाट मूल्याकंन गराई लिलाम बिक्रि गर्न सकिनेछ ।

(७). दफा ७ वमोजिमको समितिले मालसामानको मूल्य कायम गर्दा मालसामानको उपयोगिता, सेवा, आयु,ह्रास कट्टि, अवशेष मूल्य र बजार मूल्य समेत बिचार गरी मूल्य कायम गर्नु पर्ने छ । ह्रास कट्टि गर्दा आयकर ऐन वमोजिमको दरमा कट्टि गर्नु पर्ने छ । भन्सार नतिरेको मालसामानको मूल्य कायम गर्दा भन्सार महसुल समेत समावेश गरी सो शुल्क समेतमा ह्रास कट्टि गर्नु पर्ने छ । तर यसरी उल्लिखित आधारहरु कुनै पनि वा आशिंक रुपमा किटान गर्न नसकिने मालसामानको हकमा कार्यालय प्रमुखले कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ । यसरी जानकारी प्राप्त भए पछि सम्बन्धीत विशेषज्ञलाई मालसामान प्रयोगमा आउने वा नआउने बारेजाँचबुझ गर्न लगाउनु पर्ने छ । सम्बन्धीत विशेषज्ञले त्यस्ता मालसामान मर्मत गरेर पनि पुनः प्रयोग हुन नसक्ने वा मर्मत गर्दा उपदफा(क)(९).वमोजिमको स्थिती हुने प्रतिवेदनमा दिएमा सोही प्रतिवेदनलाई आधार लिई मूल्य कायम गर्न समितिलाई निर्देशन दिन सक्ने छ ।

(८). यस कार्यविधि बमोजिम लिलाम बिक्री भए वा नभएको सम्बन्धमा समितिले नियमानुसार एक पटक निरीक्षण गरी सोको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(९). यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्र वर्ष भन्दा बढी पुराना र चालु हालतमा नरहेका वा चालु हालतमा ल्याउन सोही मालसामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी मर्मत खर्च लाग्ने भएमा दफा७ बमोजिमको समितिको सिफारिसमा कार्यपालिको निर्णय अनुसार लिलाम बिक्री गर्न सक्नेछ ।

(१०). निमार्ण भएका भौतिक संरचना भत्काई लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र मालसामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटम वाइज लागत अनुसार तयार गर्नु पर्नेछ ।

लिलामबाट प्राप्त हुने रकम भत्काउदा लाग्ने खर्च भन्दा बढी हुन आएमा फरक रकमलाई नै न्युनतम मुल्य मानी लिलाम घटाघट सम्बन्धी कारबाही गर्नु पर्नेछ ।

(११). **जफत भएका मालसामानको मुल्याङ्न —** जुनसुकै कारणबाट जफत भएका मेशिन, उपकरण वा मालसामान लिलाम बिक्री गर्दा कार्यपालिकाको निर्णय अनुसार लिलाम गर्न सकिने छ ।

(१२). **नष्ट गर्नु पर्ने —** कार्यालयले प्रचलित कानुन बमोजिम आफ्नो कव्जामा लिएको वा आफ्नो मौज्दातमा रहेको मालसामानको उपयोग मिति समाप्त भएमा वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएमा त्यस्तो मालसामान मुचुल्का गरी सार्वजनिक रुपमा नष्ट गर्नु पर्नेछ । यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्नेछ ।

**(ख) बोलपत्र/ दरभाउ पत्र/ कोटेशन माध्यमबाट लिलाम गर्दा :**

(१). यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्न मनासिव देखिएमा मालसामान हेर्न सक्ने अवस्था मिलाई दफा५ को उपदफा (ख) वमोजिम म्याद दिई बोलपत्र माग गर्न सक्नेछ । यसरी बोलपत्र आव्हान गरिएकोमा वोल अकंको दश प्रतिशतले हुने रकम बराबरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राखु पर्नेछ । बोलपत्र माग गर्दा खरिद र दाखिला सम्बन्धी कार्य सम्बन्धीत कार्यालयमा गर्ने व्यवस्था मिलाउन पर्ने छ ।

(२). दफा६ को उपदफा (क)(३). वमोजिम उल्लेख भएका कुराहरु बाहेक सुचनामा प्रचलित कानून वमोजिम थप गर्न सकिने छ ।

(३). सूचनाको ढाँचा अनुसूचि-३ मा उल्लेख गरिएको छ ।

(४). सुचना प्रकाशनको म्याद दफा ५ को उपदफा (ख) अनुसार हुने छ ।

(५). सुचनामा तोकिएको स्थान र मितिमा रितपूर्वक पर्न आएका बोलपत्रहरु खोलिने छ । एउटा मात्र बोलपत्र पर्न आएमा खोल्न वाधा पर्ने छैन |

(६). बोलपत्र फाराम दस्तुर दफा ६ को उपदफा (क)(२). वमोजिम हुने छ ।

(७). अन्य कुराहरु सूचनामा आवश्यक्ता अनुसार थप गर्न सकिने छ ।

५. **मूल्याकंन एंवम लिलाम समिति :-** उल्लेखित अनुसार गाउँपालिकामा रहेका समानहरुको उचित व्यवस्था मिलाई लिलाम गर्नु पर्ने सामग्रीहरुको मूल्याकंन एंवम लिलाम प्रक्रिया व्यवस्थित गर्न देहाय अनुसारको मुल्यांकन एबम् लिलाम समिति रहने छ ।

**(क)** गाउँपालिका उपाध्यक्ष — सयोजक

**(ख)** प्रमुख प्रशासकीय अधिकृत - सदस्य

**(ग)** गाउँकार्यपालिकाले तोके अनुसार १ जना कार्यपालिका सदस्य - सदस्य

**(घ)** गाउँपालिकाको अधिकृत स्तरको प्राविधिक प्रतिनिधि — सदस्य

**(ङ)** गाउँपालिकाले तोकेको सम्बन्धीत विषयको विशेषज्ञ प्रतिनिधि — सदस्य

**(च)** आर्थिक प्रशासन शाखा प्रमुख/ प्रतिनिधि — सदस्य

**(छ)** खरिद ईकाईप्रमुख — सदस्य सचिव

समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ।

## ६. विविधि

**(क)** कार्यविधिमा उल्लेख भएका कुराहरु शंसोधन गर्नु वा थप्नु परेमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्ने छ ।

**(ख)** कार्यविधि मा उल्लेख भएका कुराहरुमा दुबिधा उत्पन्न भएमा प्रचलित कानून एंवम कार्यपालिको निर्णय अन्तिम हुने छ ।

## अनुसूचि १
## ह्रासकट्टी दर

| मालसामान | घट्दो ह्रासकट्टी प्रणाली अनुसारको बार्षिक ह्रासकट्टी दर (प्रतिशतमा) |
|---|---|
| **१) भवन** | |
| (क) सिमेण्ट वा वज्र सुकीको जोडाई | ५ |
| (ख) माटोको जोडाई | ७ |
| (ग) काठ वा घाँस फुसले बनेको (अस्थाई) | ५० |
| **२) यातायाका साधनहरु** | |
| (क) वस/मिनीवस, ट्रक, लरी, | २० |
| (ख) कार, जीप, भ्यान, मोटर, साइकल, स्कुटर, टेम्पो, दमकल, सक्सन टंयाक | १५ |
| (ग) साइकल, रिक्सा, ई:oरिक्सा ooookjdfi | |
| २० (घ) माथि नपरेको अन्य सवारी साधन | |
| २५ | |
| **३) फर्निचर** | |
| (क) धातुको | २० |
| (ख) काठको | २५ |
| **४) यन्त्र, उपकरण तथा औजार** | |
| (क) भवन, सडक, पुल, खानी, टनेल निर्माण सम्बन्धि | ५ |
| (ख) बुल्डोजर, डोजर, ग्रेडर, रोलर, ड्रम्प, ट्रक र यस्तै प्रकृतिका यन्त्र उपकरण | २० |
| (ग) अन्य हलुका यन्त्र र उपकरण | २५ |
| (घ) विद्युत सम्बन्धि यन्त्र उपकरण टेलीफोन,मोवाईल | २५ |
| (ङ) रेफ्रिजेरेटर, एयर कन्डिसनर, एयरकलर र यस्तै प्रकृतिका अन्य उपकरण | २५ |
| (च) लिफ्ट, एलिमेटर, तथा एस्क्यालेटर | २५ |
| (छ) कम्प्युटर सम्बन्धि उपकरणहरु | २५ |
| (ज) रबर र प्लाष्टिकका सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| (झ) होजीयरी तथा ऊनको सामान वनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| (य) क्यानमास तथा छालाका सामान सिलाई गर्ने तथा नाप्ने यन्त्र उपकरण | २५ |
| (ट) चिया कारखानामा प्रयोग हुने यन्त्र, उपकरण र प्लान्ट रोलर ड्रायर समेत | २५ |
| (ठ) बुस ब्वाइलिङ पेन्स (कराई) | २५ |
| (ड) उखु पेल्ने मेशिन | २५ |
| (ढ) सलाई बनाउन प्रयोग हुने काठका फर्म | २५ |
| (ण) एक्सरे मेशिन | २५ |
| (त) प्रयोगशालामा प्रयोग हुने यन्त्र उपकरण | २५ |
| (थ) कार्यलय सम्बन्धी मालसामान एवं उपकरणहरु (टाइप राइटर, क्यालकुलेटर, डुप्लिकेटिङ्ग मेसीन, फोटोकपि मेशीन आदि) | २५ |

## अनुसूचि — २

## लिलाम बिक्रि सम्बन्धि सुचना

**बिषयः माल सामान लिलाम बढाबढको सुचना ।**

प्रथम पटक प्रकाशित मितिः—.....................

यस कार्यालयको पुरानो तपसिल वमोजिमका फर्निचर अफिस सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएको हुनाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति वा फर्महरुबाट यो सुचना .......................मा प्रथम पटक प्रकाशितभएको मितिले ..........दिन भित्र तोकिको दस्तुर तिरी निवेदन बुझाउन / ल्याउन लिलाम आब्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामामनको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण, स्पेशिफकेशन र न्युनतम मुल्य खुलाउनु पर्नेछ ।

| लिलाम हुने मालसामान | शुरु खरिद साल | ब्राण्ड | स्पेशिफिकेशन | न्युनतम मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ख) लिलाम बढाबढ हुने स्थान, समय र मिति :

स्थान............................ समय...................... मिति................................

(ग) न्युनतम मुल्य बाटै बढाबढ शुरु हुने छ ।

(घ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्युनतम मुल्य रु............................को । ले हुने नगद धरौटि राख्नु पर्नेछ ।

(ङ) लिलाम सकार गरेको मालसामान सकारेको .................. दिन भित्र आई लैजानु पर्नेछ ।

(च) लिलाम बढाबढ हुने मालसामान हेर्न चाहनेले कार्यलय समय ११ बजे देखि १ बजे सम्म.............शाखामा सम्पर्क गरी हेर्न सक्ने छ ।

(छ) बोलपत्रको हकमा कार्यविधिमा उल्लेख भए अनुसार हुने छ ।

(ज) माथि उल्लेखित कुराहरुबाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

## अनुसूचि-३

## बोलपत्र/ दरभाउ पत्र/ कोटेशन सम्बन्धी पुर्ण व्यहोराको सुचना

## बिषयः माल सामान लिलामको सुचना

प्रथम पटक प्रकाशित मितिः—....................

यस कार्यालयको पुरानो तपसिल वमोजिमका फर्निचर अफिस सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएको हुनाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति s वा फर्महरुबाट यो सुचना .....................मा प्रथम पटक प्रकाशित भएको मितिले .........दिन भित्र तोकिएको दस्तुर तिरी निवेदन बुझाउन / ल्याउन शिलवन्दि बोलपत्र/ दरभाउ पत्र/ कोटेशन आब्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामामनको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण, स्पेशिफकेशन र न्युनतम मुल्य खुलाउनु पर्नेछ ।

| **लिलाम हुने मालसामान** | **शुरु खरिद साल** | **ब्राण्ड** | **स्पेशिफिकेशन** | **न्युनतम मुल्य** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ख) लिलाम बोलपत्र खोल्ने स्थान, समय र मिति

स्थान...........................समय.................... मिति............................

(ग) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशत ले हुन आउने रकम बरावर यस कार्यालयको यस कार्यालयको .................. वैकमा रहेको नं............... धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्ने छ ।

(घ) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भए पछि ........... दिनमा सम्पूर्ण रकम दाखिला गरी समान उठाई लैजानु पर्ने छ । अन्यथा बोलपत्र रद्ध गरी धरौटी जफत हुने गरिने छ ।

(ङ) बोपत्र फाराम रु........... (फिर्ता नहुने गरी) तिरी .......... यस कार्यालयको ...........उप शाखाबाट लिन सकिने छ ।

(छ) लिलाम हुने मालसामान हेर्न चाहने ले कार्यालय समय ११.०० वजे देखि १.०० वजे सम्म हेर्न आउने .......... शाखामा सम्पर्क राख्नु पर्ने छ ।

(ज) लिलामा भाग लिन चाहने ईचछुक व्यक्तिले नेपालीक नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र ईच्छुक फर्म वा कम्पनीले नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिप र कर चुक्ताको प्रमाण पेश गर्नु पर्ने छ ।

(झ) माथि उल्लेखित कुराहरुबाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

आज्ञाले,

गंगाराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

मुद्रणः मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. १०/-
घरेलुदर्ता नं. ११९/४६१४/२०७०/२०७१